# गौरादह राजपत्र

गौरादह नगरपालिकाद्वारा प्रकाशित

खण्ड १ संख्या १ असार ३२ गते, २०७५ साल,

भाग १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम गौरादह नगरपालिकाको नगर सभाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीकालागि प्रकाशन गरिएकोछ ।

## गौरादह नगरपालिकाको संघ संस्था दर्ता सम्बन्धी ऐन २०७५

प्रस्तावनाः

यस नगर क्षेत्रभित्र सामाजिक, आर्थिक, साहित्यिक, वैज्ञानिक, शैक्षिक, बौदिक, शारिरिक, व्यवसायिक तथा परोपकारी संस्था स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न नेपालको संविधानको शाग २१८ ले दिएको अधिकार प्रयोग गरि गौरादह नगरपालिकाको संस्था दर्ता ऐन २०७५ तर्जुमा गरि लागु गरिएको छ ।

Scanned by CamScanner

**१. संक्षिप्त नाम–**

(१) यस ऐनको नाम गौरादह नगरपालिकाको संघ संस्था ऐन २०७५रहेको छ ।

(२) यो ऐन नगर राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा–** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

क)"संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौदिक सैधान्तिक, शारिरीक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विकास गर्ने उदेश्यले स्थापना भएका संघ संस्था क्लब मण्डल परिषद अध्ययनकेन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्री समेतलाई जनाउछ ।

ख)"नगरपालिका" भन्नाले गौरादह नगरपालिकालाई सम्झनुपर्छ ।

ग)"नगर प्रमुख" भन्नाले गौरादह नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

घ)"प्रवन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनुपर्छ ।

ङ)"तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।



Scanned by CamScanner

च)"प्रमुख प्रशासकीय अधिकृत"गौरादह नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजको अनुपस्थितिमा निजले तोकेको अधिकृत समेत लाई जनाउँछ ।

## ३. दर्ता नगरी संस्था खोल्न नहुने–

यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुँदैन ।

## ४. संस्थाको दर्ता–

(१)संस्था स्थापना गर्न चाहने कुरा सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाइ संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित नगरकार्यपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

क) संस्थाको नाम –

ख) उदेश्यहरु –

ग) प्रवन्ध समितिको नाम ठेगाना र पेशा –

घ) आर्थिक श्रोत –

ङ) कार्यालयको ठेगाना –

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछी प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचवुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरि दर्ताको प्रमाणपत्र दिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्तो सूचना निवेदकलाई दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैतिस दिन भित्र त्यस्तो निर्णय उपर नगर प्रमुख समक्ष उजुर गर्न सक्नेछ ।





(४) उपदफा (३) बमोजिमको उजुर प्राप्त भएपछि नगर प्रमुखले आवश्यक जाँचवुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश अनुसार प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता गरिदिनु पर्नेछ ।

५) यस दफा अन्तर्गत दिईने प्रमाणपत्रको ढाँचा, अवधि, नविकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

## ५. संगठित संस्था मानिने –

(१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारीवाला स्वाशाषित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचविखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नाम बाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोहि नामबाट उजुर लाग्नेछ ।

## ६. संस्थाको सम्पत्ति–

(१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा नगरकार्यपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।



Scanned by CamScanner

(२) उपदफा (१) बमोजिम संस्थाको सम्पत्ति फिर्ता गर्ने गरि नगर कार्यपालिकाले गरेको कारवाहिमा चित्त नबुझ्ने व्यक्तिले ३५ दिन भित्र जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पुनरावेदन परेमा जिल्ला अदालतको निर्णय अन्तिम हुनेछ ।

(४) उपदफा (३) बमोजिम उजुरी परेमा नगर प्रमुखले आवश्यक छानविन गरी प्रतिवेदन पेश गर्न टोली गंर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिमको टोलीको प्रतिवेदन अध्ययन गरी नगर प्रमुखले दोषीमाथी मुद्दा चलेमा कार्वाही गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम कार्वाही गर्न गरिएको निर्णय उपर चित्त नबुझे जिल्ला अदालतमा पुनरावेदन दिन सकिनेछ ।

(७) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखित प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा संस्था वा संस्थाको कुनै सदस्यले नगरपालिका समक्ष उजुरी दिन सक्नेछ ।

## ७. अघि दर्ता नभइ स्थापना भएका संस्थाले दर्ता गर्ने –

यो ऐन प्रारम्भ हुन भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता नभई स्थापना भई रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तिन महिना भित्र यो ऐन बमोजिम दर्ता गराउनु पर्नेछ ।

## ८. संस्थाको उद्देश्यहरुमा हेरफेर-

(१) संस्थाको उदेश्य हरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्था गाभ्न उचित देखेमा सो





संस्थाको प्रवन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरि सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुइ तिहाइ सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ तर सो प्रस्ताव लागु गर्न नगर प्रमुखको पूर्व स्वीकृति लिनुपर्नेछ ।

## ९. हिसाबको विवरण पठाउनु पर्ने –

प्रवन्ध समितिले सामाजिक परिक्षण गरि आफ्नो संस्थाको हिसाब आफूले नियुक्ति गरेको कुनै अधिकृत वा पदाधिकारी द्वारा जाँच गराउन सक्नेछ ।

## १०. हिसाब जाँच गर्ने –

(१) नगरपालिकाले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्ति गरेको कुनै अधिकृत वा पदाधिकारी व्दारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाव जाँच गराए वापत नगरपालिकाले हिसाब जाँच बाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा पाँच प्रतिशत नबढाई आफुले निर्धारित गरेको दस्तुर असुल गरि लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तब्य हुनेछ ।

(४) हिसाव जाँच गर्ने अधिकृतले नगर कार्यपालिकाले तोकेको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन कार्यपालिका समक्ष पेश



Scanned by CamScanner

गर्नुपर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी वा सदस्य वा कर्मचारीले हिनामिना, नोक्सान दुरुपयोग गरेको छ भन्ने कार्यपालिका लाई लागेमा त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानी असुल गर्न प्रचलित कानुन बमोजिम कारबाहि चलाउन सक्नेछ ।

तर प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन बमोजिम मुद्धा चलाउन लगाउनेछ ।

## ११. निर्देशन दिने:

संघीय वा प्रादेशिक सरकार वा गौरादह नगरपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

## १२. दण्ड सजाय:

(१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाको प्रवन्ध समितिको सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही रु.दस हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

२) दफा (९) बमोजिम हिसावको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यलाई प्रमुख प्रशासकीय अधिकृतले जनही तिन हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा ९ उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

३) दफा (१०) को उपदफा ३ बमोजिम हिसाब जाँच गर्ने सम्बिन्धि अधिकृत वा पदाधिकारीले मागेको विवरण तथा कागज पत्रहरु वा सोधेको प्रश्नकोउत्तर नदिने सम्वन्धित





पदाधिकारी सदस्य वा कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले एक हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

४) दफा ८ वमोजिम कार्यपालिकाको स्वीकृत नलिई संस्थाको उदेश्यमा हेरफेर गरेमा वा अर्को संस्था संग गाभेमा वा संस्थाले आफ्नो उदेश्यको प्रतिकुल हुने गरि काम कारवाही गरेमा वा संघीय वा प्रादेशिक सरकारले दिएको निर्देशन पालना नगरेमा कार्यपालिकाले त्यस्तो संस्थाको दर्ता निलम्वन वा खारेज गर्न सक्नेछ ।

## १३) पुनरावेदन :

दफा १२ वमोजिम गौरादह नगरकार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर ३५ दिन भित्र तोकिएको अदालतमा पुनरावेदन लाग्नेछ ।

## १४. संस्थाको विगठन र त्यस्को परिणाम :

१) संस्थाको विधान वमोजिम कार्य संचालन गर्न नसकी वा अन्य कुनै कारण वशं संस्था विगठन भएमा त्यस्तो संस्थाको जायजेथा नगरकार्यपालिकामा सर्नेछ ।

२) उपदफा १ बमोजिम विगठन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले थामे सम्म यस्तो दायित्व नगर कार्यपालिकाले व्यहोर्ने छ ।

## १५. नियम वनाउने अधिकार :

यस ऐनको उदेश्य कार्यन्वयन गर्न नगरकार्यपालिकाले नियम वनाउन सक्नेछ ।

## १६. अधिकार प्रत्यायोजन :

यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम वमोजिम प्राप्त अधिकारहरु मध्ये सबै वा कुनै अधिकार कार्यपालिकाले कुनै पदाधिकारी वा कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।



Scanned by CamScanner

**१७) अन्य नेपाल ऐन वमोजिम दर्ता वा स्थापना गर्नुपर्ने :**

कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्वन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐन मा अन्यत्र जुनसूकै कुरा लेखिएको भएतापनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेछ ।

**१८. खारेजी र वचाउ :**

(१) संघीय वा प्रादेशिक व्यवस्थापिकाले निर्माण गरेको कानुन विपरीत भएका दफा सोही अनुसार परिमार्जन हुनेछन् ।

(२) यस कानुनलाई प्रतिस्थापन हुनेगरि अर्को कानुन बनेर लागु नभए सम्म यसै कानुन अनुसार भए गरेको मानिनेछ ।

(३) संघ संस्था दर्ता ऐन २०३४ अनुसार दर्ता भई गौरादह नगरपालिकाको क्षेत्र भित्र कार्यक्षेत्ररहनेगरी गठन, संचालन भइरहेका संघ संस्था यसै ऐन अनुसार दर्ता भएको मानिनेछ ।

प्रमाणित मिति : २०७५ श्रावण ६ गते

आज्ञाले
सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner